नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

# स्वास्थ्य सेवा विभाग

टेकु, काठ्माडौं

## आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः १८ भाद्र २०८३

प्रतिवेदन नं : ६

### व्यवस्थापन महाशाखा

- व्यवस्थापन महाशाखाबाट विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन, प्राप्ति तथा मागअनुसार विभिन्न स्वास्थ्य संस्था/स्वास्थ्य शिविरमा वितरण तथा आपूर्ति गरिएको। विस्तृत विवरण अनुसूचीमा संलग्न गरिएको छ।

| क्र.सं. | विषय | मुख्य विवरण |
|---|---|---|
| १ | **मौज्दात अवस्था** | स्वास्थ्य सेवा विभाग, व्यवस्थापन महाशाखामा औषधि, स्वास्थ्य सामग्री तथा उपकरणहरूको मौज्दात विवरण अद्यावधिक गरिएको। |
| २ | **प्राप्त सामग्री** | **Gorkha Pharmacy** तथा **One Heart Worldwide** बाट जम्मा **६ प्रकारका सामग्री, २,३५० इकाइ** प्राप्त भएको। |
| ३ | **सामग्री वितरण** | विपद्/स्वास्थ्य शिविरका लागि विभिन्न स्वास्थ्य संस्थामा औषधि, स्वास्थ्य सामग्री तथा उपकरणहरू वितरण गरिएको। |
| ४ | **मुख्य लाभग्राही/प्रेषण स्थान** | **किस्पाङ गाउँपालिका र विदुर क्षेत्र, नुवाकोट** लगायतका स्वास्थ्य शिविर तथा **वीर अस्पताल, शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल, पाटन अस्पताल, TU Teaching Hospital** र **परोपकार प्रसूति तथा स्त्रीरोग अस्पताल**मा सामग्री पठाइएको। |
| ५ | **वितरणको परिमाण** | जम्मा **८५ प्रकार/आइटमको विवरणअनुसार २२,३७६ इकाइ** सामग्री वितरण गरिएको। |
| ६ | **मुख्य सामग्रीहरू** | Paracetamol, Amoxicillin, ORS, IV Set, Ceftriaxone, Metronidazole, विभिन्न Injection, Bandage, Gloves, Mask, PPE, Pulse Oximeter, BP Set लगायतका औषधि तथा स्वास्थ्य सामग्री। |

- व्यवस्थापन महाशाखाले राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणसँगको छलफल तथा प्राप्त निर्देशनअनुसार बाढीबाट प्रभावित तथा विस्थापित व्यक्तिहरू रहेका

आश्रयस्थलहरूमा स्वास्थ्य सेवाको नियमित व्यवस्थापन, समन्वय तथा अनुगमनका लागि सम्बन्धित कार्यालयबाट फोकल पर्सन तोक्ने र प्रत्येक प्रभावित पालिका/वडाका आश्रयस्थल नजिकका स्वास्थ्य संस्थाबाट समेत फोकल पर्सन छनोट गर्ने व्यवस्था गरेको छ। साथै तोकिएका फोकल पर्सनहरूको नाम, सम्पर्क नम्बर तथा कार्यरत संस्थाको विवरण सम्बन्धित स्वास्थ्य सेवा कार्यालयमा पठाउन निर्देशन गरिएको छ।

## रसुवा जनस्वास्थ्य कार्यालय

**नियमित व्यवपापन तथा रेखदेखका लागि जनस्वास्थ्य कार्यालयबाट फोकल पर्सनको विवरण:**

| क.स. | Focal Person को नाम | सम्पर्क न. | कार्यरत संस्था | कैफियत |
|---|---|---|---|---|
| १. | रोजिना डंगोल | ९८६९१८४९५० | जनस्वास्थ्य कार्यालय | |

**प्रभावित पालिका/ वडाको सेल्टरमा कार्यरत Focal Person को विवरण:**

| क.स. | होल्डिंग/ सेल्टर को नाम | स्थान | Focal Person को नाम | सम्पर्क न. | कार्यरत संस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | शिवालय आधारभूत विद्यालय | उत्तरगया - ०५ | मनिराम तिमल्सिना | ९८४४००४८४९ | लहरेपौवा स्वा.चै. | |
| २ | भीमसेन स्थान प्राथमिक विद्यालय | उत्तरगया - ०५ | सुस्मिता न्यौपाने | ९८४३३८५२२७ | लहरेपौवा स्वा.चै. | |
| ३ | सिम्ले आधारभूत विद्यालय | उत्तरगया - ०२ | सोनी गुरुङ | ९८४९८२२२२२ | डाँडागाउँ मा.वि. | विद्यालय नर्स |
| ४ | कालिका हिमालयन क्याम्पस | कालिका - ०२ | दिपा ठाकुर | ९८१००६०१८६ | कालिका हिमालयन क्याम्पस | विद्यालय नर्स |
| ५ | जि. स. स. हल | गोसाईकुण्ड -०६ | उपेन युलुन | ९८६०२५०१०५ | रसुवा स्वा.चौ. | |
| ६ | कोमिन श्यामे वाङफेल मा. वि. | गोसाईकुण्ड- ०५ | रमेश पौडेल | ९८०३११३३५४ | स्याफ्रुवेसी स्वा.चौ. | |
| ७ | लिंग्लिंग कानिंग छोलिंग गुम्बा | गोसाईकुण्ड- ०३ | सीता बुढाथोकी | ९८२२८७७३८७ | वृद्धिम स्वा.चौ. | |
| ८ | गणेश आ.वि. | उत्तरगया - ०१ | राजमंगल पण्डित | ९८१७२०१०२९ | डाँडागाउँ स्वा.चौ. | |

कार्यालय प्रमुख
जनस्वास्थ्य अधिकृत

नुवाकोट जनस्वास्थ्य कार्यालयबाट प्राप्त विवरण

मितिः २०८३/०५/१६

| सि.नं. | होर्डिङ् सेन्टर | सम्पर्क नम्बर | जम्मा संख्या | पालिकाको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | भैरुम मा. वि. विदुर, विदुर ८ | ९८४६१६०८०१ | ३१७ | विदुर नगरपालिका | रात्रीमा बढी हुने |
| २ | चर्च, विदुर कोलोनी, ९ | ९८५१३१८३८२,<br>९८४३४८२७३४ | ७९(पीडित) | विदुर नगरपालिका | (रात्रीमा २५० अन्य ) |
| ३ | Sparkle academy school, विदुर, ०९ | ९८५१०६१८९५ | २८(छिमेकको घरमा पठाइएको) | विदुर नगरपालिका | ८० जना सुरक्षाकर्मी, ६ जना |
| ४ | त्रिशुली आ.वि., विदुर ०९ | ९८५१२६४००९ | ७५ | विदुर नगरपालिका | माछापोखरीका २१ परिवार |
| ५ | सुलक्षणा मा.वि. | ९८५१२६४००९ | ९५ | विदुर नगरपालिका | बालबालिका/ २गर्भवती समेत |
| | कवर्ड हल, कोलोनी ९ | - | - | - | खाना खुवाउने ठाँउ |
| ६ | जनकल्याण समुह तुप्चे | ९८४२९७२४४९ | ८ | विदुर नगरपालिका | ४ जना दृष्टिविहीन सहित |
| | सामुदायिक भवन अखरे तुप्चे ७ | ९८५१२६४००७ | ७३ | विदुर नगरपालिका | वडा अध्यक्ष |
| ७ | चर्च डाँडायोकटार, तुप्चे ७ | ९८४५९३०३१० | ४४ | विदुर नगरपालिका | चर्च बाहेक आफन्तको घरमा बस्ने ६५ जना सोले वजार |
| ८ | स्टार बोर्डिङ ०९ | ९८६०८०७६३८<br>९८५११७७८४१ | ३००(६६ परिवार) | विदुर नगरपालिका | भैरुम मा.वि. बाट छुट्टिएको |
| | | | | | |
| ९ | पितृमोक्ष भवन,/safehouse विदुर २ | ९८५१२६४००१,<br>९८५१२६४००२ | १७१ | विदुर नगरपालिका | |
| १० | नुवाकोट स्वास्थ्य चौकी विदुर २ | ९८४००८२६२ | १०८ | विदुर नगरपालिका | स्वास्थ्यकर्मी |
| ११ | चन्द्रज्योति मा.वि. | ९८४९३९७८८४ | १८८ | विदुर नगरपालिका | स्वास्थ्यकर्मी |
| १२ | तामाङ् प्लाजा ४ | ९७६१६०६९९२ | १४५ | विदुर पालिका | स्वास्थ्यकर्मी |
| १३ | कवर्ड हल विदुर २ बट्टार क्षेत्र | ९८५१२६४००४ | २४५ | विदुर नगरपालिका | |
| १४ | आयुर्वेद तथा वैकल्पिक चिकित्सालय, देविघाट ५ | ९८५१२६४०१० | १०५ | विदुर नगरपालिका | |
| १५ | सुन्दरी बयोरीनि मा.वि. | ९८५१२६४०१० | १०८ | विदुर नगरपालिका | |
| १६ | रणभुनेश्वरी मा.वि./वडा कार्यालय | ९८५१२६४००३ | ६० | विदुर नगरपालिका | |
| १७ | युनाईटेड आ वि ०४, बट्टार | | १४ | विदुर नगरपालिका | १६ भाद्रबाट शुरु |
| १८ | इन्द्रायणी आ.वि., नर्सरी १ | ९८४५३४५६०४ | ८० | विदुर नगरपालिका | स्वास्थ्यकर्मी |
| १९ | त्रिभुवन मा.वि., अर्चले किस्पाङ् ०५ | ९८५१०८०१४९ | २०० | किस्पाङ् गाउँपालिका | रसुवाको शान्तिनगरको विस्तापित समेत |
| २० | कार्की मनकामना आ.वि. ०५ | ९८५१०८०१४९ | ३० | किस्पाङ् गाउँपालिका | पालिका स्वास्थ्य शाखा |
| २१ | महादेव मा.वि. रातमाटे | ९८४१०८७०३९ | २७२ | बेलकोटगढी न.पा. | पालिका स्वास्थ्य शाखा |
| २२ | महादेव क्याम्पस, ७ | ९८०७८४२४४२ | २६ | बेलकोटगढी न.पा | पालिका स्वास्थ्य शाखा |
| २३ | सिलादेवी, ७ | ९८०७८४२४४२ | ६० | बेलकोटगढी न.पा | पालिका स्वास्थ्य शाखा |
| २४ | जनसेवा आ.वि., ८ | ९८०७८४२४४२ | ३५ | बेलकोटगढी न.पा | पालिका स्वास्थ्य शाखा |
| | आफन्तको घरमा आश्रय लिएको संख्या | | ८० | | पालिका स्वास्थ्य शाखा |

## इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- गत २४ घण्टामा कुल २० वटा केस रिपोर्ट भएका छन्:
    - ५ वटा Acute Gastroenteritis (AGE)
    - ६ वटा Fever
    - ५ वटा Fever with Cough
    - ४ वटा Fever with Rash
    - जनावरको टोकाइको केस रिपोर्ट नभएको (०)।

- कुल ११ वटा स्वास्थ्य संस्था/शिविरबाट सरुवा रोगजन्य लक्षण (सिन्ड्रोम) को शून्य (०) केस रिपोर्ट भएको।
- ४ वटा Fever with Rashको सम्बन्धमा बिडुर नगरपालिकासँग समन्वय गरिएको छ र केस पुष्टिकरणका लागि बिडुर नगरपालिका स्वास्थ्य शाखाको टोली त्यहाँ जाने क्रममा रहेको छ।

- बाढीबाट प्रभावित क्षेत्रमा शव व्यवस्थापन तथा शव व्यवस्थापन पश्चातको वातावरणीय निसंक्रमण कार्यका टोली परिचालन गरिएको

**<u>प्रभावित क्षेत्रमा खटिएका कर्मचारीको विवरण</u>**

| क्र. सं. | नाम | पद | संस्था |
|---|---|---|---|
| १ | डा. अमृत पोखेल | शाखा प्रमुख | EDCD |
| २ | श्री प्रकाश पोखेल | ब. मे. ल्या. टे. | CSD |
| ३ | श्री भोला अधिकारी | ल्या. टे. नि. | EDCD |
| ४ | डा. अभिनाश कायस्थ | | WHO |



- रसुवा भोटेकोशीमा आएको बाढीबाट प्रभावितहरुलाई राखिएको नुवाकोट जिल्लाको Holding centers हरुमा प्रयोग भैराखेको खानेपानीको १५ बटा नमुनाहरु संकलन गरी परिक्षण गर्दा जम्मा ५ बटा खाने पानीको नमुना दुषित रहेको देखिएकोले ऊक्त ठाउँमा सोको शुद्धिकरण लागि आवश्यक ब्यस्बथापन गरिएको छ ।
    - खानेपानीको नमुना नमुना संकलन जम्मा = १५ वटा
    - दुषित देखिएको पानीको नमुना संख्या= ५
    - प्रयोग योग्य पानीको नमुनाः १०
- दुषित पानी देखिएको होल्डिंग सेन्टरहरुमा आवश्यक शुद्धिकरण सुरु गरी सकिएको

**मनोसामाजिक परामर्श (MHPSS):**

- विशेषज्ञ टोली परिचालन र टेलि-सेवाः नुवाकोटमा मनोचिकित्सक र क्लिनिकल मनोविद् सहितको टोली १२ केन्द्रमा ३ दिनमा भ्रमण गर्दै मूल्याङ्कन/व्यवस्थापन गरिरहेको छ, साथै तनाव, शोक, आघातजस्ता समस्याका लागि गोपनीय टेलि-मनोचिकित्सा सेवा सुरु गरिएको छ।
- मृतक/बेपत्ताका आफन्तलाई लक्षित सहायताः भरतपुर (८०), नवलपुर (१००), सिन्धुपाल्चोक (३८), पहेंलो गुम्बा/स्वयम्भू (६० बालबालिका/किशोरी सहित), र त्रि.वि. शिक्षण अस्पतालमा मृतक वा बेपत्ता व्यक्तिका आफन्त तथा साथीहरूलाई विशेष MHPSS/मनोपरामर्श सेवा प्रदान गरिएको छ।
- राहत केन्द्रहरूमा जनशक्ति परिचालन तथा सेवा प्रदानः नुवाकोटका १३ वटा होल्डिङ्ग सेन्टर र प्रभावित समुदायमा ६५ जना मानसिक स्वास्थ्य जनशक्ति परिचालन गरिएको छ। हालसम्म

२०८७ जनाले MHPSS/PFA सेवा पाएका छन् भने थप २२१६ जनाको मूल्याङ्कन भएको छ (मुख्य समस्याः तनाव, चिन्ता, उदासी, रुने समस्या)।

- रसुवाको अवस्थाः ४ वटा केन्द्रमा सेवा सुरु भई १४ जना PSC/PFA स्वयंसेवक परिचालन गरिएको छ, जसबाट हालसम्म करिब ८३ जनाले सेवा पाएका छन्; थप स्वयंसेवक परिचालनको क्रम जारी छ।
- औषधि व्यवस्थापन र हेल्पलाइन सहयोगः प्रभावित क्षेत्रमा औषधि आवश्यकता मूल्याङ्कन गरी आपूर्ति सुनिश्चित गरिँदै छ, र हेल्लो स्वास्थ्य ११११५ लगायतका हेल्पलाइनमार्फत निरन्तर मानसिक स्वास्थ्य परामर्श उपलब्ध गराइँदै छ।

**जम्मा मानसिक स्वास्थ्य उपचार र परामर्शलाई परिचालित जनसक्ति**

स्थलगत : ११२ जना

हेल्पलाइन मार्फत : १९ जना

आवश्यकताअनुसार परिचालन गर्न तयारी अवस्थामा रहेको: ८०

**जम्मा मनोसामाजिक उपचार/ परामर्श लिने सेवाग्राहीको संख्या**

स्थलगत पहुँच : ४९११

स्थलगत मनोसामाजिक परामर्श : २६९५

हेल्पलाइन मार्फत : ४५

पछिल्लो २४ घण्टामा मानोपरामर्श लिनेः ५१४






## उपचारात्मक सेवा महाशाखा

**क्षतिग्रस्त आधारभूत स्वास्थ्य संस्था सम्वन्धि विवरण :**

- आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य संस्थाहरु मध्ये रसुवा जिल्ला स्थित ४ वटा स्वास्थ्य संस्थाहरु टिमुरे स्वास्थ्य चौकी (गोसाइँकुण्ड गाउँपालिका-२), स्यफ्रुवेशी स्वास्थ्य चौकी (गोसाइँकुण्ड गाउँपालिका-५), मैलुंग सामुदायिक स्वास्थ्य इकाई (उत्तर गया गा.पा-२), रसुवागढी हेल्थ डेस्क (गोसाइँकुण्ड गाउँपालिका-२) पूर्ण रुपमा क्षतिग्रस्त भएको ।
- धादिंग जिल्ला स्थित चरौदी आधारभूत स्वास्थ्य सेवा केन्द्र, बेनिघाट तथा बैरेनी अस्पताल, गल्छी आंशिक रुपमा क्षतीग्रस्त भएको ।
- गोसाइँकुण्ड गा.पा तथा उत्तरगया गा.पा स्थित स्वास्थ्य शाखा र सो शाखा अन्तर्गत रहेको स्वास्थ्यको स्टोर पुर्णरुपमा क्षतिग्रस्त भएको ।

# नुवाकोट जिल्लामा आधारभूत स्वास्थ्य सेवाको वर्तमान अवस्था

| सि.न. | स्थानीय तहको नाम | स्वास्थ्य शाखा प्रमुखको नाम | सम्पर्क न. | स्वास्थ्य संस्थाको संख्या | हाल सेवा सुचारु रहेको स्वास्थ्य संस्थाको संख्या | क्षति भएको स्वास्थ्य संस्था | आधारभूत औषधि तथा सामग्रीको अवस्था | आधारभूत स्वास्थ्य सेवामा देखिएको समस्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | बिदुर न.पा | रामराजा भण्डारी | ९८५१०१३०३८ | १९ | १९ | ० | १ महिनासम्म पुग्ने आधारभूत औषधिको मौज्दात रहेको | स्वास्थ्य कार्यालयसम्म जाने पुल बाढीले बगाएको हुदा आवश्यक औसधि र Comodities ल्याउन समस्या हुने | १ मात्र Birthing Centre हुँदा तथा अस्पतालसंग भौतिक सम्पर्क टुट्दा समस्या हुन् सक्ने |
| २. | किस्पांग गा.पा. | गणेशलाल बि,क, | ९८५१०८०१४९ | ७ | ७ | ० | ८-१० दिनसम्म पुग्ने औषधिको मौज्दात रहेको तर दिर्घ रोगीहरुले नियमित सेवन गर्ने औषधि पर्याप्त नरहेको | तत्काल समस्या नरहेको | |
| ३. | बेल्कोट गढी गा.पा. | सत्येन्द्र शाह | ९८४१८०४३९४ | १५ | १५ | ० | आधारभूत औषधिको मौज्दात भएपनि दिर्घ रोगीले नियमित खाने औषधि पर्याप्त नरहेको | तत्काल समस्या नरहेको | |
| ४. | ककनी गा.पा. | होम नारायण खड्का | ९८४३६३८७८९ | १२ | १२ | ० | चालु बर्षको औषधि खरिद प्रक्रिया सुरु नभएको अहिले केहिदिन सम्म औषधि अभाव नहुने | औषधि खरिदमा बजेट कम रहेको | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ५. | लिखु गा.पा | भिम बहादुर रोक्का | ९८५१३३०५९९ | ७ | ७ | ० | आधारभूत औषधि मौज्दात रहेको | औषधि खरिदमा बजेट कम रहेको | स्वास्थ्य कार्यालयसम्म जाने पुल बाढीले बगाएको हुदा आवश्यक औसधि र Comodities ल्याउन समस्या हुने |
| ६. | तादी गा.पा. | वासुदेव श्रेष्ठ | ९८५१०८३२२१ | १० | १० | ० | आधारभूत औषधि मौज्दात रहेको | तत्काल समस्या नरहेको | स्वास्थ्य कार्यालयसम्म जाने पुल बाढीले बगाएको हुदा आवश्यक औसधि र Comodities ल्याउन समस्या हुने |
| ७. | सुर्यगढ़ी गा.पा. | किरण के.सि. | ९८५१०८३२२१ | ११ | ११ | ० | आधारभूत औषधि मौज्दात १ महिनाको लागि रहेको | तत्काल समस्या नरहेको | |
| ८. | पन्चकन्या गा.पा. | हेम नारायण महतो | ९८५११५७९७८ | १० | १० | ० | आधारभूत औषधि मौज्दात रहेको | तत्काल समस्या नरहेको | |
| ९. | दुप्चेस्वर गा.पा. | मिराज बडुवाल | ९८६४३५२२६८ | १५ | १५ | ० | आधारभूत औषधि मौज्दात रहेको | तत्काल समस्या नरहेको | स्वास्थ्य कार्यालयसम्म जाने पुल बाढीले बगाएको हुदा आवश्यक औसधि र Comodities ल्याउन समस्या हुने |
| १० | तारकेश्वर गा.पा. | मिश्रीलाल यादव | ९८२८९००२८१ | १४ | १४ | ० | आधारभूत औषधि मौज्दात रहेको | तत्काल समस्या नरहेको | |
| ११ | शिवपुरी गा.पा. | नारायण श्रेष्ठ | ९८४३८०४७५१ | ९ | ९ | ० | १ महिना पुग्ने आधारभूत औषधिको मौज्दात रहेको | तत्काल समस्या नरहेको | |
| १२ | मेघांग गा.पा. | कुमारलाल श्रेष्ठ | ९८६२४९०९१५ | ६ | ६ | ० | आधारभूत औसधि तथा सामग्रीको मौज्दात रहेको तर सेवाग्राहीको चाप बढेको हुँदा सहयोग चाहिने | बाढीको कारण धुन्चे बजारको मनिष हरु बसी सरि माथि आउँदा सेवाग्राहीको चाप बढेको | |

## परिवार कल्याण महाशाखा

- धादिङ जिल्लाको बैरेनी अस्पतालको स्थलगत अनुगमनका लागि परिवार कल्याण महाशाखा, विश्व स्वास्थ्य संगठन (WHO) र UNICEF को सहभागितामा परिवार कल्याण महाशाखाको टोली परिचालन गरिएको छ।
- उक्त अनुगमनका क्रममा गल्छी गाउँपालिका वडा नं. ४ र ७ का होल्डिङ्ग सेन्टरहरूको अनुगमन गरिएको थियो:
- **वडा नं. ४ (धादिङ बहुमुखी क्याम्पस)**: ८० जना
  **वडा नं. ७ (Rising Village School):** १३ जना
- दुवै होल्डिङ्ग सेन्टरमा गल्छी गाउँपालिकाको अगुवाइमा प्रजनन स्वास्थ्य (RH) क्याम्प सञ्चालन भएको थियो, जसबाट कुल ९३ जना लाभान्वित भएका छन्।
- लाभान्वित ९३ जनामध्ये २ जना मानसिक समस्याका बिरामी रहेका छन्, जसले निरन्तर औषधि सेवन गरिरहनुभएको र गल्छी गाउँपालिकाको मनोसामाजिक परामर्शकर्ताबाट सेवा प्राप्त गरिरहनुभएको छ।
- 






- ५ जिल्लामा ५ वर्षमुनिका बालबालिका, किशोरकिशोरी तथा गर्भवती/सुत्केरी महिलाहरूको पोषण अवस्था मूल्याङ्कन गर्न पोषण महाशाखा र UNICEF सहितको टोली परिचालन गरिएको छ।
- पोषण क्षेत्रमा कार्यरत सहयोगी संस्थाहरूले थप RUTF, RUSF, आइरन फोलिक एसिड, र एन्थ्रोपोमेट्रिक उपकरणहरू उपलब्ध गराउनेछन्।
- अस्थायी शिविरहरूमा रहेका स्वास्थ्य कार्यालय तथा स्वास्थ्य संस्थाहरूसँगको समन्वयमा शिविरहरूमा पोषण स्क्रिनिङ छिट्टै सुरु हुनेछ।

## राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला (NPHL)

- व्यवस्थापन महाशाखा (Management Division) मार्फत रसुवा जिल्लामा DNA नमूना संकलनका लागि १५०० वटा EDTA भायल (vial) पठाइएको छ।

## राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
## जोखिम सञ्चार तथा सामुदायिक संलग्नता (RCCE) सम्बन्धी प्रमुख गतिविधिहरू

### इन्फोग्राफिक










- ३ वटा इन्फोग्राफिक सामग्री रहेका छन्, जसमा जीवनरक्षक तथा स्वास्थ्यसम्बन्धी महत्वपूर्ण सन्देशहरू समावेश गरिएका छन्:
    - मनमा निराशा छ? कसैसँग आफ्नो मनको कुरा बाँड्न चाहनुहुन्छ? चुपचाप सहेर नबस्नुहोस्। तपाईंको जीवन अमूल्य छ र तपाईंका कुरा सुन्न हामी तयार

छौं। तपाईंलाई आवश्यक पर्दा जुनसुकै बेला फोन ११६६ गर्नुहोस्। तपाईंका कुरा गोप्य राखिन्छन् र मनोपरामर्शकर्ताले तपाईंलाई सुन्नुहुन्छ।

- विपद्को समयमा बालबालिका, गर्भवती तथा सुत्केरी महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, अशक्त बिरामी तथा दीर्घरोग भएका व्यक्तिहरूलाई पहिले सम्झौं, जसलाई हाम्रो साथ र सहयोगको आवश्यकता बढी हुन्छ।
- बाढी वा विपद्को समयमा पनि ART औषधिको नियमित सेवन रोकिनु हुँदैन। यदि बाढी, पहिरो वा कुनै विपद्का कारण तपाईं वा तपाईंको आफन्तको ART औषधि हराएमा, बगेमा वा नष्ट भएमा आत्तिनु पर्दैन

**भिडियो विकास प्रक्रिया**

- विपद्पछि फैलिन सक्ने महामारीको जोखिम र त्यसबाट बच्न अपनाउनुपर्ने रोकथाम तथा सावधानीका उपायहरूबारे जानकारीमूलक भिडियो तयार गर्ने प्रक्रिया भइरहेको छ। यस भिडियोका लागि शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका विज्ञ चिकित्सक डा. बिमल चालिसेसँग सहकार्य भइरहेको छ।

**राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र**

**विपद्पछिको क्षयरोग प्रतिकार्य (Post Disaster TB Response) सम्बन्धी गतिविधिहरू**

- राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्रको नेतृत्वमा राविधिक टोलीले बाढी प्रभावित नुवाकोट जिल्लाको विदुर नगरपालिका वडा नं. ४ स्थित सहरी स्वास्थ्य केन्द्र तथा प्रभावित क्षेत्रको स्थलगत अनुगमन सम्पन्न गरेको छ। अनुगमनका क्रममा सहरी स्वास्थ्य केन्द्र (वडा नं. ४) मा हाल १५ जना क्षयरोगका सक्रिय बिरामीहरू उपचाररत रहेको, यातायात अवरोधका कारण कारागारबाट त्रिशुली अस्पतालमा बिरामी स्थानान्तरण तथा स्वास्थ्य पहुँचमा कठिनाइ देखिएको, औषधिको मौज्दात पर्याप्त रहेको पाइएको छ।
- स्थलगत अवस्थालाई मध्यनजर गर्दै उपचार अनुगमनका लागि आवश्यक खकार परीक्षण (Microscopy) सेवा लिखु गाउँपालिकास्थित चौघडा स्वास्थ्य चौकी (करिब ९ कि.मी.) सँग समन्वय गरी सुचारु गर्न, जिन-एक्सपर्ट (GeneXpert) परीक्षणका लागि केन्द्र तथा नाटा (NATA) सँग समन्वय गर्न र थप प्राविधिक सहयोगका लागि केन्द्रसँग निरन्तर सम्पर्कमा रहन निर्देशन तथा सुझाव दिइएको छ।
- जिल्लाभर औषधिको अभाव हुन नदिन जनस्वास्थ्य कार्यालय नुवाकोटको मागअनुसार HRZE ८,७३६ ट्याब्लेट, HR Adult १६,१२८ ट्याब्लेट, तथा HRE ३,३६० ट्याब्लेट औषधि प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र (PHLMC), हेटौंडाबाट पठाउने तयारी अन्तिम चरणमा पुगेको छ।

- जनस्वास्थ्य कार्यालय नुवाकोटको तथ्याङ्क अनुसार जिल्लाका २४ वटा अस्थायी होल्डिङ सेन्टरहरूमा आश्रित विस्थापित नागरिकहरूमध्ये १ जना क्षयरोग बिरामी पहिचान भई प्रत्यक्ष निगरानीमा उपचार निरन्तर गरिएको छ।





*NTCC को टोली नुवाकोटमा अनुगमनमा*

## राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र

PLHIV Clients को "Geo-Coordinates Mapping"


- Rasuwa र Nuwakot जिल्लामा Bhotekoshi River आसपास बसोबास गर्ने PLHIV clients को GIS coordinates प्रयोग गरी Geo-spatial mapping को कार्य अगाडि बढाइएको छ। यसबाट flood प्रभावित क्षेत्रमा रहेका PLHIV clients को location पहिचान गरी आवश्यक HIV services तथा response planning लाई थप targeted बनाउन सहयोग पुग्नेछ। यसका साथै, GIS को प्रयोग गरी PLHIV clients को re-tracking, आवश्यक clients को follow-up तथा CHBC team mobilization को कार्य निरन्तर भइरहेको छ। आवश्यकता अनुसार प्रभावित PLHIV clients लाई सम्बन्धित ART services मा पहुँच पुऱ्याउन तथा ARV medicines को transportation सुनिश्चित गर्न समेत कार्य भइरहेको छ।



N
River-Poly
On Treatment Clients
TOTAL = 663
East side of River =304
West side of River =359
RASUWA
DHADING
NUWAKOT
TRISHULI RIVER
BHOTEKOSHI RIVER
25
0
25
50
75
100 km

## अनुसुची

**SORMAS को Daily Surveillance Report Module मा हालसम्म प्रतिवेदन भएका संक्रामक रोगहरुको ट्रेन्ड**




**Categories of Queries Recorded Through**

**Hello Health (1115) for Nepal – Rasuwa Flood 2026**
**(26 August to 03 September (NPT 13:15 hrs.) 2026)**

| S.N. | Queries Category (26 August to 03 September (NPT 13:15 hrs.) 2026) | Total number of queries |
|---|---|---|
| 1. | Missing Persons | 60 |
| 2. | Rescue Request and Management | 31 |
| 3. | Disaster and Weather-Related Information | 19 |
| 4. | Dead Body Search and Management | 7 |
| 5. | Relief and Assistance | 6 |
| 6. | Other | 5 |
| 7. | Forensic Support | 3 |
| 8. | Mental Health and Psychosocial Support (MHPSS) | 2 |
| | **Total** | **133** |

| S.N. | Queries Category (As of 03 September, 13:15 hrs.) | Total number of queries |
|---|---|---|
| 1 | Missing Persons | 1 |
| | **Total** | **1** |



# स्वास्थ्य सेवा विभागमा प्राप्त भएको र वितरण भएको  औषधी र औषधीजन्य सामाग्रीको विवरण













